# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal


### कृषि विकास कार्यक्रकहरुमा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

सूचना नं.०५-२०७९/०८० (कृषि विकास)

प्रथम पटक प्रकाशित मिति-२०७९/११/१५

भरतपुर महानगरपालिका आर्थिक विकास महाशाखा, कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा (कृषि तर्फ) को आ.ब.०७९/०८० को बार्षिक नगर विकास योजनाको स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको कार्यक्रमहरु संचालन गर्न लागिएको हुँदा भरतपुर महानगरपालिका भित्रका कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक आवेदक (कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनी ) हरुलाई देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति ०७९/११/२६ सम्म ) माग निवेदन दर्ता गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्तावहरु लाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन । कार्यविधि भरतपुर महानगरपालिकाको www.bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ।

| क.स. | कार्यक्रमको नाम | परिमाण | बिनियोजीत बजेट/ अनुदान | आवेदक | कार्यक्रम संचालन प्रकृया |
|---|---|---|---|---|---|
| १ | प्राङ्गारिक खेती गर्ने कृषक लाई प्राङ्गारीक मलमा सहयोग | १ | ५ लाख/ (बढिमा ५० प्रतिशत) | कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनी | प्रचलित कार्यबिधि, नम्स तथा ऐन नियम अनुसार |
| २ | प्राङ्गारीक कृषि उपज बिक्रि केन्द्र स्थापनामा सहयोग | १ | ७ लाख (बढिमा ५० प्रतिशत अनुदान ) | कृषि समुह, कृषि सहकारी, कृषि फर्म ,कृषि कम्पनी | प्रचलित कार्यबिधि, नम्स तथा ऐन नियम अनुसार |

**आवश्यक कागजात तथा सर्तहरु**

१. समुह / सहकारीको निर्णय सहित माग निवेदन ।

२. सम्बन्धित संस्थाको दर्ता/ नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं.र कर चुक्ताको प्रतिलिपी ।

३. कम्पनी, समुह, सहकारीको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको बारे बैठकको निर्णयको प्रतिलिपी ।

४. प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त / जिम्मेवार व्यक्तीको नागरिकताको प्रतिलिपी तथा अख्तियारी पत्र ।

५. सम्बन्धित वडा कार्यालय/कृषि सेवा केन्द्रको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र ।

नोट – कार्यक्रम सम्बन्धि थप जानकारीका लागि भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखामा वा फोन नं. ९८४६०१६९६९ वा ९८४५३५५९७६ मा सम्पर्क गर्न सकिने छ । कार्यविधि संसोधन भएमा संसोधित कार्यविधि बमोजीम नै कार्यक्रम संचालन हुनेछ। प्रस्ताव दर्ता गर्दा निवेदक स्वयम उपस्थित हुनु पर्ने छ ।